REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 02.05.2025

---

*सिक्किम विद्यार्थी Sphere logo*

सिक्किम क्रान्तिकारी मोर्चाको छात्र संघका साथ आज भएको एक बैठकको बेला, मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्कम Student Sphere S3 पाँजकास्टको आधिकारिक प्रतीक चिन्हको औपचारिक थालनी गर्नुभएकोछ । आदित्य गोले द्वारा नेतृत्व गरिएको Podcast टीमको उपस्थितिमा कार्यक्रम आयोजित गरियो।

फुरबा डोमा लेप्चा द्वारा गरिएको सृजनात्मक कार्य-S3 पांडकास को प्रतीक चिहन पांडकासरको थालनीमा एक प्रमुख माइलखुट्टी हो। राज्यभरिका विद्यार्थीहरूका आवाजका लागि एक जीवन्त मंच हुने लक्ष्य, यस Podcast को रहेकोछ।

सिक्किम S3 टीमली आफ्नो शुभकामना टकरयाउँदै,मुख्यमन्त्रीले सिक्किमका युवाहरूका विचारहरूको सशक्तिकरण त्यसलाई प्रोत्साहन दिन एक सार्थक प्रयासको रूपमा यस पहलको प्रशन्सा गर्नुभयो। 'Voices of Tomorrow, Stories of Today' अर्थात 'भोलिका आवाज आजका कथाहरू' विषयवस्तु परिपरि भएको यस Podcast रा आकांक्षाहरू माथि ध्यान केंद्रित गर्नेछ।

---

*वेव्स- घोषणा*

मुम्बईमा वेश्विक मीडिया वार्ताको बेला आज वेव्स घोषणालाई अपनाइयो।

सदस्य राष्ट्रहरूले परम्परा र विरासतलाई अघाढ़ी लिएर जानबारे सहमति पनि व्यक्त गरे। वेव्स शिखर सम्मेलन अंतर्गत आयोजित मीडिया वार्तामा 77 देशका प्रतिनिधिहरू शामेल भए। परराष्ट्र मन्त्री सुब्रहमण्यम जयशंकर र सूचना प्रसारण मनत्री अश्विनी वैष्णवले कार्यक्रमको अध्यक्षता गर्नुभयो। सबै देशहरूले गलत र भ्रमक सूचना को प्रसारलाई रोक्ने तथा मीडियाको अखण्डता, तथा- आधारित पत्रकारिता र जिम्मेदारीपूर्ण विज्ञापनलाई बढ़ावा दिनमा सहमति जनाए।

---

*वेव्स हैण्डबुक*

सूचना प्रसारण मंत्रालयले मुम्बईमा आयोजित बैश्विक मीडिया संवाद कार्यक्रम वेव्समा भोलि मीडिया र मनोरंजन क्षेत्र बारे वर्ष 2024-2025 को तथ्याङहरूसित संबधित एक हैंडबुक जारी गर्नेछ।

यो हैण्डबुक मीडिया र मनोरंजन क्षेत्रबारे समयबद्ध, विश्वसनीय प्रामाणिक र व्यापक डेटा संकलित गर्ने सरकारका प्रयासहरूको एक भाग हो। मंत्रालयले भनेकोछ. मीडिया र मनोरंजन दुवै नै सेवा क्षेत्रका महत्वपूर्ण घटक हुन जसमा देशको अर्थव्यवस्थाको विकासमा योगदान गर्ने अपार क्षमताछ।

---

*राष्ट्रीय आयुष मिशन*

पारम्परिक स्वास्थ्य हेरचाह सम्मको पहुँच को विस्तार गर्न तथा औषधीय बिरूवाहरूको आफ्नो समृद्ध जैव विविधतालाई सुरक्षित राख्न सिक्किमले राष्ट्रीय आयुष मिशन (NAM) को प्रभावी लाभ उठाएकोछ । राज्य सरकार तथा आयुष मन्त्रालयका संगठित प्रयासहरूले गर्दा राज्यले आयुर्वेद सोवा रिग्पा योग मा निहित समग्र कल्याणका लागि एउटा दरिलो पारस्थितीकी तन्त्रको निर्माण गरि रहेकोछ ।

NAM अन्तर्गत, दुईटा एकीकृत आयुष अस्पतालहरू जसमा, गान्तोकमा दस ओछयानहरू युक्त र पश्चिम सिक्किममा गेजिङ स्थित क्योङसा मा 50 ओछयानहरू भएको अस्पताल शामेलछ । यी संस्थानहरूले पारम्परिक र आधुनिक स्वास्थ्य हेरचाह दुवैको अनौठो संगम भएका उपचारहरू प्रदान गर्छन जसको परिणामस्वरूप, विशेषगरि, सिक्किमका भौगोलिक रूपले दुर्गम ठाउँहरूमा स्वास्थ्य परिणामहरू राम्रो हुनेगर्छन् ।

महाराष्ट्रको लोनावालामा एक र दुई मई 2025 मा आयोजित राष्ट्रीय आयुष मिशन सम्मेलनमा सिक्किम द्वारा NAM को उदाहरणीय कार्यन्वयनका लागि व्यापक प्रशन्सा गरिएकोछ । पार्पीरक प्रणालीहरूको नवोन्मेषकारी एकीकरण तथा कोषको उत्कृष्ट प्रयोगका लागि राज्यको प्रशन्सा गर्दै अन्य राज्यहरूका लागि सिक्किमलाई एउटा नमूना राज्य भनि भनिएकोछ ।

सिक्किमका स्वास्थ्य तथा परिवार कल्याण मन्त्री- जि टि ढुंङ्गेलले राष्ट्रीय आयुष मिशन मार्फत केन्द्र सरकारको सहायताको प्रशन्सा गर्दै सिक्किम सरकारले राज्यका सबै क्षेत्रहरूमा, स्वास्थ्य हेरचाह सुनिश्चित गर्न निरन्तर काम गरि रहेकोछ, भन्नुभयो ।